# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष १० । अंक ३९ । २०७९ श्रावण - आश्विन ।


# कोषको ६१औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न

कोषले आफ्नो ६१औं वार्षिकोत्सव भव्यताका साथ मनाएको छ। यही भदौ ३१ गते शुक्रबार कोषले राष्ट्रिय सभागृहमा वार्षिकोत्सव मनाएको हो।

कार्यक्रममा सञ्चय कोषका निमित्त प्रशासक जितेन्द्र धितालले कोषको वर्तमान अवस्था र भावी कार्य योजनाको विवरण प्रस्तुत गर्नु भएको थियो। कोष ६१औं वर्षमा प्रवेश गर्दा विवरण पेस गर्दै क्यूआर कोर्डसहितको कार्डको व्यवस्था गर्नुका साथै कार्यालयको सम्पूर्ण सुविधा र जानकारीको लागि इपिएफ मोबाइल एपसमेत सञ्चालनमा ल्याएको निमित्त प्रशासक धितालले बताउनु भयो। २०७६ देखि योगदानमा आधारित निवृत्तभरण योजना र २०७७ देखि सार्वजनिक निकायको निवृत्तभरण तथा उपदान योजनाको सञ्चालन गर्दै आएको कोषले विज्ञान र प्रविधिको उच्चतम् प्रयोगलाई प्राथमिकता दिएको उहाँले बताउनु भयो।

कार्यक्रममा बोल्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव दिनेश भट्टराईले कोषले सञ्चयकर्तालाई विश्वास दिलाउने काम गरेर उनीहरूको मन जित्न सफल भएको बताउनु भयो।

कोषको वार्षिकोत्सवका अवसरमा प्रकाशित हुने कोष पत्रिकाको लोकार्पण सचिव दिनेश भट्टराईबाट गरिएको थियो। कोषका का.मु. सह प्रशासक जीवन कुमार कट्वालले स्वागत मन्तव्य दिनुभएको कार्यक्रममा कोषमा क्रियाशील कर्मचारी संगठनका अध्यक्षहरूबाट शुभकामना मन्तव्य व्यक्त गरिएको थियो।

कार्यक्रममा राजस्व सचिव रामेश्वर दंगाल, नेपाली सेना, नेपाल प्रहरीका उच्च अधिकारी, कोष सञ्चालक समितिका सदस्य लगायतको. उपस्थिति थियो। कार्यक्रममा सञ्चय कोषमा २५ वर्षदेखि कार्यरत तीन जना कर्मचारीलाई दीर्घ सेवा पदक, ६ जना अधिकृतलाई १५ वर्ष सेवा गरेबापत् सेवा पदक प्रदान गरिएको थियो। वार्षिकोत्सवमा यस वर्षको एसईईमा




राम्रो जीपीए ल्याई उत्तिर्ण हुने कर्मचारीका छोराछोरीलाई नगद पुरस्कार तथा प्रमाणपत्र दिइएको थियो। साथै वार्षिकोत्सवको अवसरमा आयोजना गरिएका विविध खेलकूद प्रतियोगितामा विजयी हुने कर्मचारीहरूलाई पुरस्कार वितरण समेत गरिएको थियो। सो अवसरमा स्वेच्छिक कार्यक्रम (Go As you Like) अन्तर्गत कर्मचारीले आफ्नो प्रस्तुतिले मनोरञ्जन प्रदान गरेका थिए।

कोषमा हाल ५ लाख ५५ हजार सञ्चयकर्ता छन्। कोषले ४ खर्ब ५९ अर्बभन्दा बढी वित्तीय स्रोतको परिचालन गर्नुका साथै निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपाल विशेष सेवा तथा सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका तथा सरकारको अनुदानमा सञ्चालन हुने सबैजसो सार्वजनिक निकायका कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान योजना सञ्चालन गर्दै आएको छ।

कोषले सात प्रदेशमा आठवटा कार्यालय र तीनवटा सेवाकेन्द्रबाट सेवा दिइरहेको छ। आ.व.२०७८/७९ मा कोषलाई ३३ अर्ब ७८ करोड आम्दानी भएकोमा ४ अर्ब २१ करोड खुद मुनाफा हुने अनुमान छ।




## मोबाइल एप सुरु



कोषले EPF Mobile Application को सुरुआत गरेको छ। कोषका सम्पूर्ण सुविधा र जानकारीको लागि EPF मोबाइल एप सञ्चालनमा ल्याएको हो।

यस App मार्फत Loan Payment Calculator प्रयोग गरी आफूले तिर्नु पर्ने ऋणको साबा ब्याजको जानकारी हासिल गर्न सकिन्छ। त्यसैगरी Special Loan Application मार्फत विशेष सापटीको लागि अनलाइनबाट माग गर्न सकिन्छ। त्यस्तै आ.व. २०६२/६३ देखि हालसम्मको Statement हेर्न सकिने सुविधा पनि रहेको छ। साथै App मा सुरक्षाको लागि Biometric Login सुविधा रहेको छ।

त्यस्तै सञ्चयकर्ताले Online KYC तथा Office KYC गर्ने सुविधा समेत रहेको छ। कोषले प्रदान गरिरहेका सेवा सुविधाबारे जानकारी प्राप्त पनि सो App मार्फत गर्न सकिन्छ।

कोषका सेवा सुविधाहरुलाई थप प्रविधिमैत्री बनाउने उद्देश्य अनुरुप कोषले मोवाइल एप विकास गरेको हो।

# सामाजिक सुरक्षामा करिब ७ करोड रकम वितरण



आर्थिक वर्ष २०७८/७९ को पहिलो तीन महिनामा कोषले कुल ३ हजार ५ सय १६ सञ्चयकर्तालाई करिब ७ करोड रकम प्रदान गरेको छ । सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत साधारण रोगतर्फ २८९ सञ्चयकतालाई २ करोड ६१ लाख, घातक रोगका लागि ९५ सञ्चयकर्तालाई १ करोड ५१ लाख प्रदान गरिएको छ । त्यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत २ हजार ८ सय ८५ जनालाई २ करोड ६३ लाख, काजकिरिया अनुदान सुविधा १ सय ९४ जनाका आश्रित परिवारलाई ७७ लाख ६० हजार र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत ५३ जनालाई १ करोड ६ लाख प्रदान गरिएको छ ।

# विद्युतीय परिचय पत्र प्राथमिकतामा




कोषले विद्युतीय परिचय पत्रलाई बढवा दिने नीति लिएको छ । पुरानो परिचय पत्रलाई प्रतिस्थापन गरी क्यूआर कोर्डसहितको नयाँ आधुनिक परिचय पत्र ल्याइएको हो । विद्युतीय परिचय पत्र सेवा प्रवाहमा सहजताका साथै सुरक्षाका दृष्टिकोणले पनि प्रभावकारी ठानिएको छ । २०७७ मङ्सिरदेखि शुरू गरिएको परिचय पत्र वितरण कार्य निरन्तर रूपमा अगाडि बढिरहेको छ ।


# हिसाब मिलान गर्न आग्रह



कोषले लामो समयदेखि भुक्तानी लिन नआएका सञ्चयकर्तालाई कोष कार्यालयमा सम्पर्क गरी हिसाब मिलान गर्न आग्रह गरेको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको कोषकट्टी रकममा निज सेवाबाट हटेको छ वर्षसम्म मात्र व्याज प्रदान गर्ने व्यवस्था रहेको छ । विगतमा कोषकट्टी रकम जम्मा गरेका र कार्यालय विघटन वा खारेज वा बन्द, सेवाबाट अवकाश वा अन्य कारण लामो समयदेखि कोषमा कोषकट्टी रकम जम्मा हुन बन्द भएका र कोष भुक्तानी नलिएका साथै छुट रकम भुक्तानी लिन बाँकी रहेका सञ्चयकर्ताहरूले आवश्यक कागजपत्र साथमा लिई आफूलाई पायक पर्ने कोषको नजिकको कार्यालयमा सम्पर्क राखी हिसाब मिलान गर्न भनिएको छ ।

कोषमा रकम लिन आउँदा सेवाबाट अवकाश भएको मिति खुलेको पत्रको प्रतिलिपि, कोषको परिचयपत्रको प्रतिलिपि, पेन्सनपट्टाको प्रतिलिपि सक्कल साथमा बोक्नुहुन, सम्बन्धित कर्मचारीको मृत्यु भएकोमा मृत्युदर्ता प्रमाण पत्र, नाता प्रमाणित पत्र, कोषको व्यक्तिगत KYC विवरण Online बाट भरी सो को Print साथमा ल्याउनु पर्ने भनिएको छ ।

# कोषको नयाँ वेबसाइट सञ्चालनमा




कोषले नयाँ वेबसाइट सञ्चालनमा ल्याएको छ । पहिलेको वेबसाइटभन्दा अझै परिष्कृत, सुविधासम्पन्न र सञ्चयकर्तामैत्री वेबसाइट निर्माण गरिएको हो । यसबाट सञ्चयकर्ताले कोषबारे विविध जानकारी प्राप्त गर्नुका साथै अनलाइन सुविधा प्राप्त पनि गर्न सक्नेछन् । कागज, मुहार र प्रत्यक्ष सम्पर्क रहित सेवा प्रवाह गर्ने नेपाल सरकारको नीति अनुरुप कोषले सञ्चयकर्तालाई अनलाईन पद्धतिबाट सेवाहरु प्रदान गर्ने व्यवस्था शुरु गरिएकोमा थप प्रवर्द्धन गरी सेवा प्रवाह गर्न वेबसाइटलाई परिमार्जन गरिएको हो ।

# कोषलाई अन्तर्राष्ट्रिय अवार्ड प्राप्त


कोषले अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरेको छ । फिलिपिन्सको मनिलामा कार्तिक ९ र १० गते आयोजित ADFIAP को ४५ औं साधारण सभामा कोषले सञ्चयकर्ताहरूलाई सूचना प्रविधिको उच्चतम प्रयोग गरी अनलाईन सेवा प्रदान गरेको योगदानको कदर गरी प्रविधि विकास विधामा कोषलाई Association of Development Financing institutions in Asia and the Pacific (ADFIAP) ले ADFIAP Development Awards 2022 प्रदान गरी पुरस्कृत गरेको हो ।




# धितोमा आधारित सापटी क्षेत्र बिस्तार

**धितोमा आधारित सापटीको लागि थप भएका क्षेत्रहरु:**

**काठमाडौं उपत्यका तथा शाखा कार्यालय जनकपुर, हेटौडा र पोखराको कार्यक्षेत्र अन्तर्गतका विभिन्न क्षेत्रहरु**



कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी (संशोधन सहित) कार्यविधि, २०७३ को अनुसूची २० मा (घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, र जग्गा खरिद सापटी प्रयोजनार्थ) काठमाडौं उपत्यका तथा कोषको शाखा कार्यालय जनकपुर, हेटौडा र पोखराको कार्यक्षेत्र अन्तर्गत विभिन्न क्षेत्रहरु थप भएका छन् ।

काठमाडौं उपत्यका तथा अन्यको हकमा बनेपा नगरपालिका, धुलिखेल नगरपालिका, पाँचखाल नगरपालिका, नमोबुद्ध नगरपालिका तथा पनौती नगरपालिकाका विभिन्न क्षेत्रहरु समेटिएका छन् ।

त्यसैगरी उपत्यका बाहिरको हकमा शाखा कार्यालय जनकपुरको कार्य क्षेत्र अन्तर्गत धनुषा जिल्लाका लक्ष्मिनियाँ गाउँपालिका, क्षीरेश्वरनाथ नगरपालिका, शहीदनगर नगरपालिका, धनुषाधाम नगरपालिका, मिथिला नगरपालिका र जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न क्षेत्रहरु समेटिएका छन् । महोत्तरी जिल्ला अन्तर्गत जलेश्वर नगरपालिका, वर्दिबास नगरपालिका, रामगोपालपुर नगरपालिका त्यसैगरी सर्लाही जिल्ला अन्तर्गत ईश्वरपुर नगरपालिका, लालबन्दी नगरपालिका, हरिऔन नगरपालिका, बागमती नगरपालिका र बरहथवा नगरपालिका, रौतहट जिल्ला अन्तर्गत चन्द्रपुर नगरपालिका, गरूडा नगरपालिका, सिरहा जिल्ला कर्जन्हा नगरपालिका, मिर्चैया नगरपालिका, गोलबजार नगरपालिका, धनगढी माई नगरपालिका, लहान नगरपालिका, उदयपुर जिल्लाका त्रियुगा नगरपालिका, कटारी नगरपालिका, चौदण्डीगढी नगरपालिका, बेलका नगरपालिका, सप्तरी जिल्लाको सुरूङ्गा नगरपालिका, सिन्धुली जिल्ला कमलामाई नगरपालिका, दुधौली नगरपालिकाका विभिन्न क्षेत्रहरु थप भएका छन् ।

त्यस्तै शाखा कार्यालय, हेटौडाको कार्यक्षेत्र अन्तर्गत थप क्षेत्रहरुमा मकवानपुर जिल्ला हेटौडा उपमहानगरपालिका, बकैया गाँउपालिकाका विभिन्न क्षेत्रहरु, बारा जिल्लाको कोल्वी नगरपालिकाका विभिन्न क्षेत्रहरु रहेका छन् ।

शाखा कार्यालय पोखरा अन्तर्गत स्याङ्जा जिल्लाका फेदिखोला गाउँपालिका, आँधीखोला गाउँपालिका, पुतलीबजार नगरपालिका र वालिङ्ग नगरपालिका र तनहूँ जिल्ला शुक्ला गण्डकी नगरपालिका अन्तर्गतका विभिन्न क्षेत्रहरु रहेका छन् ।

# कोषमा AML/CFT नीति लागू



कोषमा सम्पति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण नीति, २०७८ लागू भएको छ । यही असार १५ देखि सो नीति लागू भएको हो । सम्पति शुद्धीकरण सम्बन्धमा नेपाल सरकारको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकलाई नियामक निकाय तोकिएको छ । राष्ट्रियस्तरमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण नियमावली, २०७३ कार्यान्वयनमा रहेका छन् ।

# कोषको सोसल मिडिया एकाउन्ट सञ्चालनमा




कोषका आधिकारिक सामाजिक सञ्जाल खाता प्रयोगमा आउने भएको छ । बदलिदो समय र सञ्चयकर्ताको माग र आवश्यकता बमोजिम विविध जानकारी प्रदान सरल र सहजरूपमा प्रदान गर्ने मनसायले ती खाताहरु प्रयोगमा ल्याउन लागिएको हो । कोषको Facebook एकाउन्ट यस अघि नै प्रयोगमा आइरहेकोमा अब Twitter, Instragram, Linkdein, WhatsApp र Viber एकाउन्ट/ह्याण्डल मार्फत कोषबारे नियमित अपडेट प्रदान हुनेछ । यहि भाद्र ५ गते कोष र Branding Bee Pvt. Ltd. सँग सो सम्बन्धमा सम्झौता भएको हो । सोसल मिडियालाई नियमित र व्यवस्थित गर्नका लागि 'अनुगमन, समन्वय तथा निर्देशन समिति' पनि गठन गरिएको छ ।

सञ्चयकर्तालाई सुसूचित गराउँदै कोषको सम्पर्कलाई थप प्रभावकारी र सञ्चयकर्तामैत्री बनाउन सामाजिक सञ्जालको उपयोग गर्ने नीति लिइएको हो ।

# डिजिटल फाँटवारी सुरु हुँदै

कोषले डिजिटल फाँटवारीलाई प्रयोगमा ल्याउने भएको छ । कोषबाट हुने सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने उद्देश्यले डिजिटल फाँटवारी प्रयोगमा ल्याएको हो । हाल संचयकर्ता कार्यालयवाट तयार गरिने म्यानुअल फाँटवारीलाई कम्प्युटर प्रणालीमा आधारित डिजिटल फाँटवारीमा प्रतिस्थापन गर्न लागिएको हो । कोषमा पेपरलेस आवधारणालाई मूर्तरूप दिन यो कोशेढुङ्गा सावित हुने विश्वास लिइएको छ ।



# शाखा गतिविधि संक्षेपमा




## सेवा केन्द्र धनकुटा



कोषको वार्षिकोत्सव भव्यरूपमा मनाउने सन्दर्भमा सेवा केन्द्र धनकुटामा विविध खेलकुद कार्यक्रम आयोजना गरियो । का.मु. सहायक प्रबन्धक डेन्जम भट्टराईको संयोजकत्वमा ३ सदस्यीय खेलकूद उपसमिति गठन गरिएको थियो । २०७९ भाद्र २६ देखि कार्यालय समय अघि र पछि गरी खेलकूद कार्यक्रमहरूको सञ्चालन भएको थियो । भाद्र ३१ गते प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने कर्मचारीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

चेस प्रतियोगितामा प्रथम नर बहादुर लिम्बु, द्वितीय डेन्जम भट्टराई हुनु भएको थियो भने रोशनी कर्माचार्यले तृतीय स्थान हासिल गर्नु भएको थियो । त्यसैगरी म्यूजिकल चेयर तर्फ नमिता कर्माचार्य प्रथम, पूर्ण बहादुर याखा द्वितीय तथा रोशनी कर्माचार्य तृतीय हुनु भएको थियो ।

## शाखा कार्यालय बुटवल





- शाखा कार्यालय बुटवलले भाद्र ३१ गते कोषको ६१औं वार्षिकोत्सवको अवसरमा प्रभातफेरी कार्यक्रमको आयोजना गरेको थियो । शाखामा कार्यरत कोषका कर्मचारी कार्यालय परिसरबाट सुरू भई बजार परिक्रमा गरिएको थियो ।



- शाखा कार्यालय बुटवलको शाखा प्रमुखमा वरिष्ठ प्रबन्धक राजेन्द्र भण्डारी नियुक्त हुनु भएको छ । उहाँले २०७९ असोज ९ देखि कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो । उहाँ २०४६ साल माघ २ गते कोषमा प्रवेश गर्नु भएको हो ।

## शाखा कार्यालय सुर्खेत

- शाखा कार्यालय सुर्खेतद्वारा कोषको ६१ औं वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रम गरेको छ । सो अवसरमा विविध खेलकुद कार्यक्रम सम्पन्न गरिएको थियो ।



- शाखा कार्यालय सुर्खेतको शाखा प्रमुखमा का.मु. वरिष्ठ प्रबन्धक रवि तामाङ नियुक्त हुनु भएको छ । २०७९ असोज ४ देखि उहाँले कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो । उहाँ २०४४ फागुन २६ गते सेवामा प्रवेश गर्नु भएको हो ।

## शाखा कार्यालय पोखरा

# कोषको ६१ औं वार्षिकोत्सव

शाखा कार्यालय पोखरामा कोषको ६१औं वार्षिकोत्सव औपचारिक कार्यक्रमको आयोजना गरेर मनाइयो । वार्षिकोत्सवको अवसरमा खेलकूद कार्यक्रम आयोजना गर्ने, खेलकूलदका विजेतालाई वितरण गर्ने पुरस्कार तथा प्रमाणपत्रको व्यवस्था गर्ने, वार्षिकोत्सवको दिन आयोजना गरिने कार्यक्रमको तयारी गर्ने लगायतका कार्यहरूको लागि सहायक प्रबन्धक श्री पारसमणि भण्डारीको संयोजकत्वमा प्रमुख सहायकद्धय श्री सन्तोष सुवेदी र सन्तोष सापकोटा सहितको उप-समिति गठन गरिएको थियो । सो उप-समितिद्धारा वार्षिकोत्सवको अवसरमा कार्यालय तथा कार्यालय परिसरको सरसफाई गर्ने तथा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने कार्य सम्पन्न गरियो । वार्षिकोत्सवको दिन बिहान स्थानीय बिन्ध्यवासिनी मन्दिरमा गई पूजा अर्चना गरियो भने साँझ कार्यालयमा दिपावली गरिएको थियो । सो दिन औपचारिक कार्यक्रमको आयोजना गरी शुभकामना आदानप्रदान गरियो । खेलकूद प्रतियोगितामा प्रथम र द्बितीय स्थान हासिल गर्ने कर्मचारीहरूलाई पुरस्कार तथा प्रमाणपत्र समेत वितरण गरिएको थियो ।

### शाखा प्रमुखमा मानन्धर



शाखा कार्यालय पोखराको शाखा प्रमुखमा वरिष्ठ प्रबन्धक कल्पना मानन्धर नियुक्त हुनु भएको छ । २०७९ असोज २४ गतेदेखि उहाँले कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो । उहाँ कोषमा २०४६ साल माघ १ गते प्रवेश गर्नु भएको हो ।

## शाखा कार्यालय जनकपुर

- कोषको ६१ औं वार्षिकोत्सवको अवसरमा शाखा कार्यालय जनकपुरमा विविध कार्यक्रम आयोजना गरियो । विविध खेलकुद कार्यक्रममा विजयी कर्मचारीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।



- शाखा कार्यालय जनकपुरको प्रमुखमा तेज प्रसाद खनाल नियुक्त हुनु भएको छ । उहाँले २०७९ असोज २४ देखि जिम्मेवारी सम्हाल्नु भएको हो ।

## शाखा कार्यालय कोहलपुर

# पुरस्कार वितरण



कोषको ६१औं वार्षिकोत्सवको अवसरमा आयोजित विविध खेलकुद कार्यक्रममा विजयी कर्मचारीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण कार्य गरियो । ब्याडमिन्टन डबलमा प्रथम मनोज लामिछाने र दीपा ढकाल हुनु भयो । त्यसैगरी द्वितीय स्थान राम नारायण चौधरी र अम्मर बहादुर चन्द(क) ले प्राप्त गर्नुभयो । घैटो फोड खेलमा दीपा ढकाल प्रथम हुनु भयो भने म्यूजिकल चियरमा तोजेन्द्र रोकायले प्रथम स्थान हासिल गर्नु भएको थियो ।



# प्रभातफेरी कार्यक्रम सम्पन्न

शाखा कार्यालय कोहलपुरमा कोषको ६१ औं वार्षिकोत्सवको अवसरमा प्रभातफेरी कार्यक्रम गरियो । सो अवसरमा कोषका सबै कर्मचारीहरु ब्यानरसहित कार्यालय परिसरदेखि कोहलपुर बजार परिक्रमा गरेर फर्किएका थिए ।

### कार्यालय प्रमुखमा देवकोटा



शाखा कार्यालय कोहलपुरको शाखा प्रमुखमा शशी कुमार देवकोटालाई नियुक्त गरिएको छ । उहाँले २०७९ असोज १३ देखि कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो ।

## धनगढीको शाखा प्रमुखमा जि.सी.



शाखा कार्यालय धनगढीको शाखा प्रमुखमा कृष्ण बहादुर जिसीलाई नियुक्त गरिएको छ । २०७९ असोज २६ देखि उहाँले कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो ।

## विराटनगरको शाखा प्रमुखमा हुमागाईं



शाखा कार्यालय विराटनगरको शाखा प्रमुखमा वरिष्ठ प्रबन्धक निर्मला हुमागाईं नियुक्त हुनु भएको छ । २०७९ असोज ११ गतेदेखि उहाँले कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो । कोषको इतिहासमा यसभन्दा अघि महिला कर्मचारीले शाखा कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेका थिएनन् । उहाँ कोषको सेवामा २०४६ साल माघ १ गते प्रवेश गर्नु भएको हो ।

# शाखा कार्यालय हेटौडा

## प्रभातफेरी कार्यक्रम




शाखा कार्यालय हेटौडामा कोषको ६१ औं वार्षिकोत्सवको अवसरमा प्रभातफेरी कार्यक्रम गरियो । सो अवसरमा कोषका सबै कर्मचारीहरु ब्यानरसहित कार्यालय परिसरदेखि हेटौडा बजारका केही भाग परिक्रम गरिएको थियो ।

## कार्यालय स्थानान्तरण

शाखा कार्यालय हेटौडाको स्थानान्तरण गरिएको छ । हाल सेवा प्रवाह भइरहेको कार्यालय खालि गर्नुपर्ने भएको हुँदा २०७९ साल असोज ३० गतेदेखि हुप्रचौर ४ स्थित रोटरी क्लब अफ हेटौडाको भवनबाट कोषको सेवा प्रवाह गर्न थालिएको छ । हेटौडामा कोषको आफ्नै कार्यालय भवन निर्माण कार्य द्रुतरूपमा अघि बढेको छ ।

## पुरस्कार वितरण

शाखा कार्यालय हेटौडामा कोषको ६१औं वार्षिकोत्सवका अवसरमा विविध कार्यक्रमको आयोजना गरियो , वार्षिकोत्सवको अवसरमा भाद्र २३ देखि २९ गतेसम्म खेलकूद कार्यक्रम आयोजना गरिएको थियो । सहायक प्रबन्धक अतुल बास्कोटाको संयोजकत्वमा खेलकुद आयोजक समिति गठन गरिएको थियो । व्याडमिन्टन, चेस, स्लो साइकल रेस, टेबल टेनिस, फुटसल तथा म्युजिकल चेयर कार्यालय समय अगि र पछि तथा बिदाका दिन मिलाएर खेलाइएको थियो । साथै खेलकूलद कार्यक्रममा विजयी कर्मचारीहरूलाई भाद्र ३१ गते पुरस्कार वितरण पनि गरिएको थियो ।

खेलकूद अन्तर्गत टेवल टेनिसतर्फ स्वर्णीम मैनाली प्रथम तथा नन्द किशोर राय द्वितीय हुनु भएको थियो । त्यसैगरी स्लो साइकल रेसमा विष्णु प्रसाद बर्तौला प्रथम तथा राजेन्द्र लामिछाने द्वितीय हुनु भयो । ब्याडमिन्टनमा अतुल बास्कोटा प्रथम मकुन्देव चौधरी द्वितीय त्यसैगरी फुटसलमा राजेन्द्र लामिछाने, नन्द किशोर राय नितिश कुमार चौधरी, फाल्गुणी धिमाल, मनिष कुमार कर्ण, स्वर्णीम मैनाली सकुल गिरीको टोलि प्रथम भएको थियो । त्यस्तै अतुल बास्कोटा विष्णु प्रसाद बर्तौला, मकुन्देव चौधरी, अन्जना अर्याल, भावना के.सी., ललन साह हलुवाईको टोलिले द्वितीय स्थान हासिल गरेको थियो ।

## खाद्यान्न तथा फलफूल वितरण



शाखा कार्यालयद्वारा हेटौडा चौकिटोलमा अवस्थित ॐ वृद्धाश्राममा खाद्यान तथा फलफूल वितरण कार्य सम्पन्न गरियो । सो अवसरमा शाखा प्रमुख तथा कर्मचारीको उपस्थिति रहेको थियो । सो वितरण कार्यबाट कुल २५ जना वृद्धवृद्धा लाभान्वित भएका थिए ।

# विभिन्न मितिमा बढुवा हुने कर्मचारीको सूची

| बढुवा मिति | नाम थर | बढुवा तह | बढुवा भएको पोष्ट |
|---|---|---|---|
| २०७९।०४।२४ | श्री दिनेश कुमार के.सी. | दशौं तह | मुख्य प्रबन्धक (प्र.) |
| २०७९।०४।२४ | श्री राजेन्द्र शाक्य | दशौं तह | मुख्य प्रबन्धक (प्र.) |
| २०७९।०४।२५ | श्री राजेन्द्र भण्डारी | नवौं तह | वरिष्ठ प्रबन्धक (प्र.) |
| २०७९।०४।२५ | श्री दिलिप राज पौडेल | नवौं तह | वरिष्ठ प्रबन्धक (प्र.) |
| २०७९।०४।२५ | श्री रमेश चन्द्र वेलवासे | नवौं तह | वरिष्ठ प्रबन्धक (प्र.) |
| २०७९।०४।२५ | श्री तेज प्रसाद खनाल | नवौं तह | वरिष्ठ प्रबन्धक (प्र.) |
| २०७९।०४।२५ | श्री कल्पना मानन्धर | नवौं तह | वरिष्ठ प्रबन्धक (प्र.) |
| २०७९।०४।२५ | श्री निर्मला हुमागाईं | नवौं तह | वरिष्ठ प्रबन्धक (प्र.) |
| २०७९।०४।२५ | श्री कमल अर्याल | नवौं तह | वरिष्ठ प्रबन्धक (प्र.) |
| २०७९।०४।२५ | श्री मदन सुवेदी | नवौं तह | वरिष्ठ प्रवन्धक(वित्तविश्लेषक) |
| २०७९।०४।२५ | श्री राकेशलाल श्रेष्ठ | नवौं तह | वरिष्ठ प्रवन्धक(अपरेशन) |
| २०७९।०४।२८ | श्री मन्जु भण्डारी | आठौं तह | प्रबन्धक (प्र.) |
| २०७९।०४।२८ | श्री दिपक मणि रिसाल | आठौं तह | प्रबन्धक (प्र.) |
| २०७९।०४।२८ | श्री रविन के.सी. | आठौं तह | प्रबन्धक (प्र.) |
| २०७९।०४।२८ | श्री दिपेन्द्र सापकोटा | आठौं तह | प्रबन्धक (प्र.) |
| २०७९।०४।२८ | श्री चानक राज खत्री | आठौं तह | प्रबन्धक (प्र.) |
| २०७९।०४।२८ | श्री राजेन्द्र बस्नेत | आठौं तह | प्रबन्धक (प्र.) |
| २०७९।०४।२८ | श्री मुक्ति नाथ सुवेदी | आठौं तह | प्रबन्धक (प्र.) |
| २०७९।०४।२८ | श्री डिल्ली प्रसाद अधिकारी | आठौं तह | प्रबन्धक (प्र.) |
| २०७९।०४।२८ | श्री अर्जुन प्रसाद आचार्य | आठौं तह | प्रबन्धक (कानून) (प्र.) |
| २०७९।०४।२८ | श्री राजु शाही | आठौं तह | प्रबन्धक (सिष्टम) (प्रा.) |
| २०७९।०४।२८ | श्री राम प्रसाद राई | आठौं तह | प्रबन्धक (सिभिल ईन्जिनियर) |
| २०७९।०५।०४ | श्री नर्वदा भेटवाल | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री राजु श्रेष्ठ | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री लाल बहादुर सुनार | सातौं तह् | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री गणेश बस्नेत | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री लोकनाथ ताजपुरिया | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री देवी प्रसाद गौतम | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री कृष्ण प्रसाद अधिकारी | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री शम्भु प्रसाद पौडेल | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री राम प्रसाद अधिकारी | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री शितल बाबु खत्री | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री बालकृष्ण अर्याल | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री विजय कुमार थापा | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री बिमल कुमार खतिवडा | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री देव कृष्ण श्रेष्ठ | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री ओजस्वी गौतम | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री सुरेन्द्र राज ढकाल | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री मनोज लामिछाने | सातौं तह | उप प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री लक्ष्मी प्रसाद वाग्ले | सातौं तह | उप प्रबन्धक (कानून) (प्र.) |
| २०७९।०५।०४ | श्री निर्मला शर्मा | सातौं तह | उप प्रबन्धक (प्रोग्रामर) (प्रा.) |
| २०७९।०५।०४ | श्री दिनेश डंगोल | सातौं तह | उप प्रबन्धक(कम्प्युटर इन्जि.) |
| २०७९।०५।०४ | श्री भुपेन्द्र सिंह बोहरा | सातौं तह | उप प्रबन्धक (कम्प्युटर |
| २०७९।०५।०४ | श्री साधना झा | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री टेक बहादुर के.सी. | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री रश्मी बज्राचार्य | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री राजेन्द्र पोखेल | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री रामेश्वर भोछिंभोया | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री देव आशिष मालाकार | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री नन्द किशोर राय | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री अनन्त मुनी बज्राचार्य | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री बिजय खड्का | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री ऋषि प्रसाद अधिकारी | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री तोजेन्द्र रोकाय | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री डेन्जम भट्टराई | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री नारायण प्रसाद पन्थ | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |
| २०७९।०५।०४ | श्री उमेश राज भट्ट | छैठौं तह | सहायक प्रबन्धक (प्र.) |

## विशेष बढुवा

| बढुवा मिति | नाम थर | पद |
|---|---|---|
| २०७९।०४।०३ | केशव राज श्रेष्ठ (ख) | सहायक प्रबन्धक |
| २०७९।०४।०३ | जमुना देवी पण्डित (रेग्मी) | सहायक प्रबन्धक |
| २०७९।०४।०३ | शैलेश धौभडेल | सहायक प्रबन्धक |
| २०७९।०४।०३ | उर्मिला सापकोटा (खतिवडा) | सहायक प्रबन्धक |
| २०७९।०४।०३ | गायत्री लामिछाने | सहायक प्रबन्धक |
| २०७९।०४।०३ | सन्तुन कायस्थ | सहायक प्रबन्धक |
| २०७९।०४।०३ | मिना श्रेष्ठ | सहायक प्रबन्धक |
| २०७९।०४।०३ | केदार खत्री | सहायक प्रबन्धक |
| २०७९।०४।०३ | अष्ट मान तुलाधर | सहायक प्रबन्धक (काष्टकला) |

# सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

**कर्मचारी सञ्चय कोष सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।**

## क) संख्यात्मक विवरण:

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ५५ हजार | २६ हजार २ सय |
| निवृत्तभरण कोष | ४५ हजार ९ सय | १ हजार ९ सय ७५ |

## ख) कोषका कार्यालयहरू:

- केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर
- ठमेल कार्यालय: त्रिदेवी मार्ग, ठमेल
- लगनखेल कार्यालय: लगनखेल
- शाखा कार्यालयहरू: विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरू: धनकुटा, सिंहदरवार र लगनखेल

## ग) सञ्चयकर्तालाई उपलब्ध सेवाहरू:

- **ब्याज तथा मुनाफा:** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याजदर: ८.०० प्रतिशत, सञ्चय कोषमा मुनाफा: ०.९० प्रतिशत (आ.व. २०७७/७८को शुरु सञ्चय कोष मौज्दातमा)

- **सापटी सुविधा तथा ब्याजदर:**

| विशेष सापटी | घरसापटी | शैक्षिक सापटी | घर मर्मतसापटी | सरलचक्र कर्जा | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|
| सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रू. १ करोडसम्म | रू.१० लाख देखि रू. २५ लाखसम्म | अधिकतम रू. २५ लाखसम्म | अधिकतम रू. ३० लाखसम्म | अधिकतम १० वर्षको तलवमान बराबर |
| ९.१० प्रतिशत | ९.७५ प्रतिशत | ९.७५ प्रतिशत | ९.७५ प्रतिशत | १०.२५ प्रतिशत | १०.२५ प्रतिशत |

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजना:** सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रु १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रू. १० लाखसम्म सोधभर्ना प्रदान गरिने ।

- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू:**
  - सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम: प्रति प्रसूति रू. ७,५००,
  - दुर्घटना क्षतिपूर्ति योजना: निज वा निजको हकवालालाई रू. २ लाख,
  - काजक्रिया अनुदान: हकवालालाई आर्थिक अनुदान स्वरूप रू. ४० हजार प्रदान गरिने ।

** २०७९।०३।३१ को वित्तीय अवस्था अनुसार*

विशेष धन्यवाद : राजेन्द्र विक्रम के सी

सम्पादन तथा प्रकाशन :

**कर्मचारी सञ्चय कोष,**

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।

website : www.epf.org.np, email: planning@epf.org.np